नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

मिति: २०८२/०१/१७

## प्रेस विज्ञप्ति

जापानको ओशाका, कान्साईमा सन् २०२५ अप्रिल १३ देखि संचालनमा आएको World Expo 2025 मा नेपालको सहभागिताको लागि व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र मार्फत सम्झौता भई श्री Bidh Management P. Ltd. / Lalit Mandap Art and Architect P. Ltd. J/V, ललितपुर लाई Nepal Pavilion को निर्माण तथा संचालनका लागि नेपालको आधिकारिक आयोजक संस्था (Official Organizer) को रूपमा छनोट गरिएको थियो । World Expo 2025, Osaka को समुद्घाटन समेत भईसकेको सन्दर्भमा उक्त संस्थाले निर्माण कार्य सम्पन्न नगरेको तथा नेपालले हालसम्म औपचारिक रुपमा प्रदर्शनीमा सहभागिता जनाउन नसकेको प्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

यस सन्दर्भमा, Nepal Pavilion निर्माणमा भएको ढिलाइको कारण तथा आगामी कार्ययोजनाबारे सो आधिकारिक आयोजक संस्था श्री Bidh Management P. Ltd. / Lalit Mandap Art and Architect P. Ltd. J/V, सँग आवश्यक विवरण माग गरिसकिएको छ ।साथै, यस विश्व प्रदर्शनीमा नेपालको सहभागिता सुनिश्चितता गर्न सम्बन्धित निकायसँग उचित समन्वय गरी सम्झौता अनुसारको कार्य यथाशीघ्र सम्पन्न गर्न आयोजक संस्थालाई निर्देशन समेत दिईसकेको र सो सम्झौता अनुसार कार्य सम्पादन नगरे कानून बमोजिम कारवाही हुने व्यहोरा समेत अनुरोध छ ।नेपाल सरकार यस्तो अन्तर्राष्ट्रिय स्तरको कार्यक्रममा नेपालको गरिमामय उपस्थितिको सुनिश्चितता मार्फत नेपालको अन्तराष्ट्रिय व्यापार तथा बजार पहूँच विस्तारको लागि प्रतिवद्ध रहेको व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

विपीन आचार्य
सहसचिव/कमिस्नर जनरल,
World Expo2025

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np